# नेपाल राष्ट्र बैंकका गभर्नर डा. तिलक रावलले प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०६०।६१ का लागि मौद्रिक नीति सम्बन्धी प्रतिवेदनको सारसंक्षेप

## मौद्रिक नीतिको उद्देश्य तथा उपकरण

१. मुद्रास्फीतिदरलाई वाञ्छित सीमाभित्र कायम राख्ने तथा मुलुकको विदेशी विनिमय संचितिमा अनावश्यक ह्रास (depletion) हुन नदिने गरी आर्थिक वर्ष २०६०।६१ का लागि मौद्रिक नीतिको स्वरुप निर्धारण गरिएको छ ।

२. मौद्रिक नीतिको प्रमुख लक्ष्य आर्थिक स्थायित्वलाई सुनिश्चित गरी आर्थिक वृद्धिदर अभिवृद्धि गर्ने र स्वदेशी मूल्यलाई स्थिर बनाइराख्ने उद्देश्यले भारतीय मुद्रासँगको वर्तमान स्थिर विनिमयदर प्रणालीलाई कायम राखिएको छ ।

३. मौद्रिक नीतिका अन्तिम लक्ष्य (मूल्य स्थिरता र शोधनान्तर सुदृढीकरण) र मौद्रिक उपकरण बीचको अन्तरिम लक्ष्यको रुपमा मौद्रिक र कर्जा सम्बन्धी योगांकहरु (मुद्रा प्रदाय तथा आन्तरिक कर्जा) लाई लिइने छ ।

४. मौद्रिक नीतिको अन्तरिम लक्ष्य हासिल गर्न सघाउ पुऱ्याउन संचित मुद्राको प्रमुख श्रोतको रुपमा रहेको नेपाल राष्ट्र बैंकको खुद आन्तरिक सम्पत्ति (net domestic assets - NDA) लाई मौद्रिक नीतिको संचालन लक्ष्यको रुपमा प्रयोग गरिने छ ।

५. मौद्रिक नीतिका आखिरी लक्ष्यहरु प्राप्त गर्न नेपाल राष्ट्र बैंकको खुद आन्तरिक सम्पत्तिलाई वाञ्छित सीमाभित्र राख्न खुला बजार कारोबार, अल्पकालीन व्याजदर लगायतका मौद्रिक उपकरणहरुलाई प्रमुख मौद्रिक उपायको रुपमा लिइने छ ।

## मौद्रिक योगाङ्कहरुको प्रक्षेपण

६. आर्थिक वर्ष २०६०।६१ मा मूल्य वृद्धिदर ४.३ प्रतिशतमा सीमित गर्ने तथा शोधनान्तर वचत रु. २ अर्बको हाराहारीमा कायम गर्ने र आर्थिक वृद्धिदर ४.७ प्रतिशत हासिल गर्न सघाउ पुऱ्याउने उद्देश्यले विस्तृत मुद्रा प्रदायको वृद्धिदर ११.२ प्रतिशत र संकुचित मुद्रा प्रदायको वृद्धिदर ९.२ प्रतिशत कायम गरिनेछ ।

## अनिवार्य मौज्दात अनुपात र बैंकदर

७. विभिन्न निक्षेप दायित्वमा लगाइएका अनिवार्य मौज्दात अनुपातहरुलाई सरलीकृत र एकीकृत बनाउनु पर्ने आवश्यकताको सन्दर्भमा आर्थिक वर्ष २०६०।६१ देखि ६ प्रतिशतको एकल अनिवार्य मौज्दात अनुपात नेपाल राष्ट्र बैंकमा कायम गर्नुपर्ने व्यवस्था गरिएको छ । हाल बैंकदर ५.५ प्रतिशतमा नै कायम गरिने छ ।

## सरकारी ऋणपत्र र खुलाबजार कारोवार

८. सरकारी ऋणपत्रमा लगानी गर्न चाहने लगानीकर्ताहरुलाई थप वित्तीय उपकरणहरु उपलब्ध गराउन विद्यमान ९१ दिने र ३६४ दिने ट्रेजरी बिल्स बाहेक अल्पकालीन अवधिका ट्रेजरी बिल्स पनि बोलकबोल प्रथाद्वारा निष्काशन गरिने व्यवस्था मिलाइने छ ।

९. श्री ५ को सरकारबाट जारी हुने दीर्घकालिन ऋणपत्रहरुको व्याजदर प्रतिस्पर्धात्मक वातावरणमा निर्धारण हुने व्यवस्था गर्न यस्ता ऋणपत्रहरुको निष्काशन बोलकबोल प्रथाद्वारा गर्ने प्रक्रियाको थालनी गरिनेछ ।

१०. सरकारी ऋणपत्रहरुलाई दोश्रो बजारबाट सरल तवरबाट खरीद बिक्री हुन सक्ने बनाउन ऋणपत्रहरुलाई क्रमशः बजारयोग्य ऋणपत्रको रुपमा परिणत गर्दै लगिनेछ ।

११. नेपाल राष्ट्र बैंकको स्वामित्वमा रहेको श्री ५ को सरकारको ऋणपत्रहरुको मौज्दातलाई नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७५ ले तोके वमोजिम वाञ्छित सीमाभित्र राख्न बैंकको स्वामित्वमा रहेको ऋणपत्रहरुलाई क्रमशः दोश्रो बजार मार्फत् बिक्री गर्दै लगिनेछ ।

१२. सरकारी ऋणपत्र व्यवस्थापनलाई चुस्त तथा प्रभावकारी बनाउन प्रमाणपत्र बिनाको (scripless) सरकारी ऋणपत्र निष्काशन प्रणालीको प्रारम्भ गर्न आधारभूत संरचना तयार गरिनेछ ।

**उद्योगको पुनरोत्थान**

१३. रुग्ण उद्योगलाई थप सहुलियत दिने र पुनरोत्थान गर्न सघाउ पुऱ्याउने उद्देश्यले आर्थिक वर्ष २०६०।६१ मा रुग्ण उद्योगहरुको लागि वाणिज्य बैंकहरुलाई रु. १.५० अर्बको पुनर्कर्जा उपलब्ध गराइने छ । यसरी उपलब्ध गराइने पुनर्कर्जाको ब्याजदर हालको ३ प्रतिशतवाट घटाई २ प्रतिशत गरिएको छ भने सोही अनुरुप बाणिज्य बैंक तथा वित्तीय संस्थाहरुले पनि आफ्ना ऋणीहरुवाट लिने ब्याजदरलाई हालको ६.५ प्रतिशतवाट घटाई ५.५ प्रतिशत कायम गर्ने व्यवस्था मिलाइएको छ ।

१४. मुलुकको विदेशी विनिमय संचितिको संरचना, उद्योगहरुलाई प्राप्त हुने फाइदा, उद्योगहरुले गर्ने मूल्य अभिवृद्धि, उद्योगहरुको प्रतिस्पर्धात्मकतामा पर्ने प्रभाव र निर्यात क्षेत्रको अभिवृद्धि जस्ता आधारहरुलाई दृष्टिगत गरी भारतबाट परिवर्त्य मुद्रामा आयात गर्न पाइने वस्तुहरुको संख्यामा थप गरिने छ ।

**निष्क्रिय कर्जा अनुपात घटाउने व्यवस्था**

१५. कर्तव्य तथा दायित्वबाट पन्छिने प्रवृत्तिले नभई सकारात्मक सोच र धारणाबाट अभिप्रेरित भई असूलीका लागि सम्भव भएसम्मका सम्पूर्ण प्रयासहरु नेपाल राष्ट्र बैंकको तर्फबाट जारी राखिनेछ तथा कमसल कर्जाको अनुपातमा कमी ल्याउन गरिने सम्पूर्ण कामकारवाहीहरुलाई यस बैंकको पूर्ण समर्थन र सहयोग रहनेछ ।

१६. श्री ५ को सरकारको आर्थिक वर्ष २०६०।६१ को आयव्यय विवरणमा सम्पत्ति व्यवस्थापन कम्पनी सम्बन्धी कानून ६ महिनाभित्र तर्जुमा गरिने व्यहोरा उल्लेख भएको तथा उक्त कम्पनी स्थापनाको लागि रु. १५ करोड विनियोजन भएबाट निकट भविष्यमै यस कम्पनीको स्थापना भई बैंक तथा वित्तीय संस्थाहरुमा रहेको निष्क्रिय कर्जाको अनुपात घटाउन आवश्यक सघाउ पुग्न जाने विश्वास रहेको छ ।

१७. वर्तमान कर्जा सूचना केन्द्रले वाणिज्य बैंकहरु र राष्ट्रियस्तरका विकास बैंकहरुलाई मात्र सेवा दिइरहेकोले सम्पूर्ण बैंकिङ्ग तथा वित्तीय क्षेत्रलाई समेट्न सक्ने सक्षम कर्जा सूचना केन्द्रको आवश्यकता पूरा गर्न वर्तमान कर्जा सूचना केन्द्रलाई प्रतिस्थापन गरी यसको सम्पूर्ण सम्पत्ति तथा दायित्व नयाँ कर्जा सूचना केन्द्रमा हस्तान्तरण हुने गरी कानूनी अस्तित्व भएको पब्लिक लि. कम्पनीको रुपमा एक कर्जा सूचना केन्द्रको स्थापना यसै आर्थिक वर्ष भित्र गरिने छ ।

१८. विगतमा साख मूल्यांकन संस्था स्थापना सम्बन्धी पहल हुँदै गरेको भए तापनि यस सम्वन्धी आवश्यक कानूनी संरचना, संस्थाको लागि चाहिने पूँजी तथा कार्य प्रणालीजस्ता विषयमा पूर्वाधार तयार गर्न बाँकी नै रहेकोले यस वर्ष ती कार्यहरु पूरा गरी साख मूल्यांकन संस्था स्थापना गर्ने प्रबन्ध मिलाइने छ ।

**अन्य नियमन व्यवस्था**

१९. विद्यमान केही असहज परिस्थितिलाई ध्यानमा राखी आर्थिक वर्ष २०६०।६१ का लागि न्यूनतम ११ प्रतिशत कुल पूँजीकोष जसमध्ये न्यूनतम ५.५ प्रतिशत प्राथमिक पूँजीकोष कायम गर्नुपर्ने र आर्थिक वर्ष २०६१।६२ देखि मात्र कुल पूँजीकोष न्यूनतम १२ प्रतिशत जसमध्ये प्राथमिक पूँजीकोष न्यूनतम ६ प्रतिशत कायम गर्नुपर्ने व्यवस्था गरिएको छ ।

२०. आर्थिक वर्ष २०६०।६१ देखि लागू हुने गरी न्यूनतम २५ प्रतिशत व्याज भुक्तानी नभएको अवस्थामा पनि बैंकहरु स्वयंले कर्जा पुनर्तालिकीकरण वा पुनर्संरचना गर्न सक्ने तर त्यस्तो पुनर्तालिकीकरण वा पुनर्संरचना गरिएको कर्जाको लागि साविकको भाखा नाघेको अवधिको आधारमा प्रचलित व्यवस्था वमोजिम कर्जा नोक्सानीको लागि व्यवस्था गर्नुपर्नेछ ।

**ग्रामीण कर्जाको व्यवस्था**

२१. ग्रामीण विकास बैंकहरुमा लागू गरिएको संरचनात्मक सुधार कार्यलाई जारी राखिने छ । चिया, अलैची, शीतभण्डार जस्ता तोकिएका प्राथमिकता प्राप्त क्षेत्रहरुकालागि आवश्यक पर्ने दीर्घकालीन पूँजीको आवश्यकता पूरा गर्न नेपाल राष्ट्र बैंकले आर्थिक वर्ष २०६१।६१ मा पनि मुनाफाको ५.० प्रतिशत ग्रामीण स्वावलम्बन कोषमा जम्मा गर्नेछ ।

**विकास बैंक सम्बन्धी कार्य**

२२. हाल एसियाली विकास बैंकको सहयोगमा अन्तर्राष्ट्रिय लेखापरीक्षण संस्थाबाट कृषि विकास बैंक र नेपाल औद्योगिक विकास निगमको विशेष अध्ययन कार्य भइरहेको र सो अध्ययन प्रतिवेदन प्राप्त भएपछि तथा यस बैंकबाट गरिएको ती संस्थाहरुको स्थलगत निरीक्षण प्रतिवेदनको आधारमा ती संस्थाहरु सम्बन्धी आवश्यक निर्णय गरिने भएको छ ।

**सुपरिवेक्षण सम्बन्धी व्यवस्था**

२३. नेपाल राष्ट्र बैंकले बैंकिङ्ग र वित्तीय क्षेत्रमा अवलम्बन गरेको नियमन, निरीक्षण र सुपरिवेक्षण लगायतका सुधारात्मक कार्यहरुबाट यो क्षेत्रलाई स्वस्थ र सक्षम बनाउन सहयोग पुग्न गएको सन्दर्भमा यो कार्यलाई आउँदा दिनहरुमा अझ सुदृढ बनाउँदै वित्तीय क्षेत्रको विकास, स्थायित्व र क्षमता अभिवृद्धि गरी यस क्षेत्रलाई अन्तर्राष्ट्रिय स्तरको प्रतिस्पर्द्धात्मक अवस्थामा उत्रन सक्ने बनाउने प्रक्रिया जारी राखिनेछ ।

२४. बैंकिङ्ग क्षेत्रको विस्तार, वाणिज्य बैंकहरुले प्रयोग गर्ने प्रविधि एवं वित्तीय बजारमा देखिएको प्रतिस्पर्धात्मक स्थितिलाई ध्यानमा राखी नेपाल राष्ट्र बैंकको सुपरिवेक्षकीय भूमिकालाई अरु सक्षम र सुदृढ बनाइने छ । यस क्रममा गैर-स्थलगत सुपरिवेक्षण निर्देशिका आर्थिक वर्ष २०६०।६१ को दोस्रो त्रयमास भित्र तयार गरी लागू गरिनेछ । नेपाल राष्ट्र बैंकको आन्तरिक प्रयोजनको लागि वाणिज्य बैंकहरुको अन्तर्राष्ट्रिय मापदण्ड CAMELS (Capital, Assets, Management, Earnings, Liquidity and Sensivity) अनुरुपको Rating गर्ने कार्यलाई निरन्तरता दिंदै Rating मा कमजोर देखिएका बैंकहरुको समष्टिगत निरीक्षण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

२५. निरीक्षण तथा सुपरिवेक्षण कार्यलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप सम्पादन गर्नका लागि Basel Committee on Banking Supervision ले तयार पारेको New Capital Accord-Basel II को नेपालको परिप्रेक्षमा प्रभावकारिता अध्ययन गरी सो सम्बन्धी अवधारणापत्र तयार गरिनेछ ।

२६. बैंक तथा वित्तीय संस्थाहरुको निरीक्षण तथा सुपरिवेक्षण कार्यलाई प्रभावकारी बनाउन यस सम्बन्धी अध्ययन पुरा भई आर्थिक वर्ष २०६०।६१ मा चितवनमा नेपाल राष्ट्र बैंकको बैंक तथा वित्तीय संस्था सुपरिवेक्षण एकाई स्थापना गरिने छ ।

**<u>संयुक्त लगानीको अंश</u>**

२७. संयुक्त लगानीमा वाणिज्य बैंक स्थापनाका लागि ६७ प्रतिशतसम्म विदेशी पूँजी लगानी गर्न सकिने व्यवस्था रहेकोमा निकट भविष्यमा नै नेपाल विश्व व्यापार संगठनको सदस्य हुने क्रममा रहेको तथा वित्तीय उदारीकरणको परिप्रेक्ष्यमा वित्तीय क्षेत्रमा स्वस्थ प्रतिस्पर्धाका अतिरिक्त नयाँ प्रविधि, सेवा एवं उपकरणको विस्तारका लागि समेत उपरोक्त पूँजी लगानीको अनुपातलाई प्रतिष्ठित विदेशी बैंकहरुको आवश्यकता र अनुरोधलाई हेरी बढोत्तरी समेत गर्न सकिनेछ ।

**<u>वित्तीय कानूनी सुधार</u>**

२८. बैंक तथा वित्तीय संस्था र सम्पत्ति व्यवस्थापन कम्पनीका साथै मुद्रा शुद्धीकरण नियन्त्रण, सुरक्षित कारोवार र दामासाही सम्बन्धी विधेयकहरुलाई कानूनी रुप दिन आर्थिक वर्ष २०६०।६१ को आयव्ययको सार्वजनिक वक्तव्य मार्फत यस सम्बन्धी प्रतिवद्धता श्री ५ को सरकारबाट आइसकेकोले वित्तीय क्षेत्रको कानून सुधार कार्यले गति लिने र वित्तीय क्षेत्रको नियमन लगायत संस्थागत विकासमा थप योगदान पुग्न जाने अपेक्षा रहेको छ ।

**<u>नेपाल राष्ट्र बैंकको पुनर्संरचना</u>**

२९. विश्व बैंकको सहयोगमा परामर्शदाताहरुबाट भइरहेको अध्ययनको आधारमा नेपाल राष्ट्र बैंकको पुनर्संरचनाको कार्य कार्यान्वयन गरिने छ ।

**<u>राहदानी वापतको सुविधा</u>**

३०. निजी तथा औपचारिक तवरले विदेश भ्रमणमा (भारत बाहेक) जाने नेपाली नागरिकलाई राहदानी बापत अब उप्रान्त अमेरिकी डलर १,००० सम्म मात्र सटही पाइने मुलुकहरुको भ्रमणको हकमा पनि अमेरिकी डलर २,००० सम्मकै सटही प्रदान हुने व्यवस्था मिलाइएको छ ।

**<u>निर्यात सम्बन्धी सुविधा</u>**

३१. CAD (Cash Against Document) को माध्यमबाट एक पटकमा बढीमा ५० हजार अमेरिकी डलरसम्मको निर्यात गर्न सक्ने र यस प्रयोजनका लागि निर्यात रकममा २५ प्रतिशतले हुन आउने रकम बैंक ग्यारेन्टी हुनुपर्ने व्यवस्थालाई आर्थिक वर्ष २०६०।६१ देखि लागू हुनेगरी निर्यात परिमाणलाई विद्यमान ५० हजार अमेरिकी डलरबाट १ लाख अमेरिकी डलरमा बृद्धि गरी निर्यातकर्ताहरुले पेश गर्नु पर्ने बैंक ग्यारेन्टीको रकम विद्यमान २५ प्रतिशतबाट घटाई १० प्रतिशतमात्र कायम गरिएको छ ।

**<u>आयात सम्बन्धी सुविधा</u>**

३२. परिवर्त्य विदेशी मुद्रा भुक्तानी हुने गरी तेस्रो मुलुकवाट ड्राफ्ट टी.टी. को माध्यमबाट आयात गर्न सकिने सीमालाई ३ हजार अमेरिकी डलरबाट ३० हजार अमेरिकी डलर पुऱ्याइएको छ ।

३३. आयात कारोवार गर्दा पर्न आउन सक्ने विदेशी विनिमय जोखिम सम्बन्धमा आवश्यक व्यवस्था गर्न सम्पूर्ण आयातकर्ताहरुलाई सुविधा प्रदान भइ नै सकेको दृष्टिबाट usance प्रतीतपत्र खोल्ने सुविधा औद्योगिक निकायहरुको अतिरिक्त अन्य आयातकर्ताहरुलाई पनि प्रदान गरिनेछ ।

**विप्रेषण सम्वन्धी व्यवस्था**

३४. स्वदेशी बैंक तथा वित्तीय संस्थाहरुले सम्बन्धित मुलुकका बैंक, वित्तीय संस्था र मान्यताप्राप्त एजेन्टहरुसँग सम्बन्ध र समन्वय स्थापना गरी बैंकिङ्ग संयन्त्रको माध्यमबाट विप्रेषण रकम पठाउने व्यवस्था मिलाउन प्रोत्साहन दिने नीतिलाई निरन्तरता दिइने छ ।

**भा.रु. सम्बन्धी व्यवस्था**

३५. वाणिज्य बैंकहरुले चाहेमा भारतीय रुपैयाँको अन्तरबैंक कारोवार गर्नसक्ने व्यवस्था गरिएको छ । यसैगरी वाणिज्य बैंकहरुले नेपाल राष्ट्र बैंकसँग भारतीय रुपैयाँ खरीद गर्दा यस बैंकले लिने गरेको कमिशन रकम अबदेखि नलिने व्यवस्था गरिएको छ ।

**उपसंहार**

३६. प्रस्तुत मौद्रिक नीतिको कार्यान्वयनबाट आर्थिक तथा वित्तीय क्षेत्रमा स्थायित्व ल्याउन सहयोग पुग्न जानेछ । वित्तीय मध्यस्थीकरणको स्तर र सक्षमता अभिवृद्धिमा प्रस्तुत मौद्रिक नीतिबाट आवश्यक सहयोग मिल्न जाने विश्वास रहेको छ । यी नीतिगत व्यवस्थाहरुको प्रभाव निरन्तर रुपमा अनुगमन गरिनेछ । अर्थतन्त्रका समष्टिगत आर्थिक संरचनाहरुलाई सुदृढ बनाउँदै आर्थिक स्थायित्वको वातावरणमा उत्पादनशील लगानी, आर्थिक क्रियाकलाप, उत्पादकत्व, रोजगारी र आर्थिक वृद्धिदरमा अभिवृद्धि ल्याउन यस बैंकले कार्यान्वयनमा ल्याएका नीतिगत व्यवस्थाहरु उपयोगी सावित हुँदै आएको सन्दर्भमा प्रस्तुत मौद्रिक नीतिका व्यवस्थाहरुको कार्यान्वयनमा सफलता प्राप्त गर्न श्री ५ को सरकार, वित्तीय क्षेत्र लगायत सम्पूर्ण सबैको शुभेच्छा प्राप्त भइरहने विश्वास यस बैंकले लिएको छ ।